# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
१ नं प्रदेश, नेपाल

## सेवा करार पदका लागि दरखास्त आह्वान गरिएको सूचना

(सूचना प्रकाशित मिति २०७७/०७/२३)

यस गाउँपालिका वा मातहका निकाय भित्र रही काम गर्ने गरी देहाय बमोजिमका कर्मचारीहरु सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजातहरुका साथ दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

१.आवश्यक पदः

| क.स | विज्ञापन नं. | पदको नाम | श्रेणी/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०७-०७७/०७८ | हेल्थ असिस्टेन्ट(एच.ए.) | सहायक पाँचौ | २ | अस्पताल तथा स्वास्थ्य चौकीमा काम गर्ने गरि |
| २ | ०८-०७७/०७८ | पशु स्वास्थ्य प्राविधिक | सहायक पाँचौ | २ | OV/OT समेतमा काम गर्ने गरि |
| ३ | ०९-०७७/०७८ | प्राविधिक सहायक (कृषि) | सहायक पाँचौ | १ | |
| ४ | १०-०७७/०७८ | प्राविधिक सहायक (सब-इन्जिनियर) | सहायक पाँचौ | १ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |
| ५ | ११-०७७/०७८ | अ.हे.व | चौथो | १ | |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक शैक्षिक योग्यताः
- हेल्थ असिस्टेन्ट पदको लागि मान्यता प्राप्त संस्थाबाट ३ वर्षे हेल्थ असिस्टेन्ट कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने छ ।
- पशु प्राविधिक पदको लागि मान्यता प्राप्त संस्थाबाट Diploma in Agriculture (Animal Science) वा सो सरह उत्तिर्ण गरेको ।
- कृषि प्राविधिक पदको लागि मान्यता प्राप्त संस्थाबाट Diploma in Agriculture (Plant Science) वा सो सरह उत्तिर्ण गरेको ।
- प्राविधिक सहायक (सब-इन्जिनियर) पदको लागि मान्यता प्राप्त संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभर सियर वा डिप्लोमा तह उत्तिर्ण गरेको ।
- अ.हे.व पदको लागि मान्यता प्राप्त संस्थाबाट अ.हे.व कोर्ष उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने छ ।

४. दरखास्त साथ संलग्न गर्नु पर्ने विवरणः
- गाउँ कार्यपालिकाबाट प्राप्त हुने निर्धारीत ढाँचाको आवेदन फाराम, उक्त फारम गा.पा.को वेबसाईट pauwadungmamun.gov.np बाट प्राप्त गर्न सकिन्छ ।
- हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो,
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
- सम्वन्धित परिषदमा नाम दर्ता भएको प्रमाणित प्रतिलिपी,
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपी, विज्ञापन नं १०-०७७/०७८ को लागि कम्तिमा ३ महिने कम्प्युटर तालिम लिई आधारभूत कम्प्युटर सिप भएको।

५. उमेरको हदः
- पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको हुनु पर्ने, तर विज्ञापन नं १०-०७७/०७८ को हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

६. तलब, सुविधा तथा अन्य सेवा शर्तः
- नेपाल सरकारले तोके बमोजिम तथा अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख भए अनुसार , तर विज्ञापन नं १०-०७७/०७८ को हकमा गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२), र (१३) बमोजिम हुनेछ।

७. दरखास्त दस्तुरः सहायक पाँचौ स्तरका लागि रु. ५००।–(पाँचसय रुपैयाँ) र चौथो स्तरका लागि ४००।–(चारसय रुपैयाँ) मात्र ।

८. परीक्षा दस्तुर बुझाउने प्रकृयाः गाउँ कार्यपालिकाको नेपाल इन्भेष्टमेन्ट बैंकमा खोलिएको आन्तरीक राजश्व खाता नं. ०६६०१४००२५०१०८ जम्मा गरी दरखास्त फारम साथ पेश गर्नु पर्नेछ ।

९. परिक्षा छनौट विधिः लिखित तथा अन्तरवार्ता, तर विज्ञापन नं १०-०७७/०७८ को हकमा प्रारम्भिक योग्यताक्रम तथा लिखित परिक्षाबाट निर्धारण गरिने छ।

१०. दरखास्त फाराम पाउने र बुझाउने स्थानः पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय प्रशासन शाखामा बुझाउनु पर्ने छ । साथै यस कार्यालयको ईमेल ठेगाना info@pauwadungmamun.gov.np,pauwadungmamun@gmail.com मार्फत समेत आवेदन पठाउन सकिने छ ।

११. सम्पर्क मितिः आवेदन पेश गरेको अन्तिम दिनको भोली पल्ट ।

१२. अन्तरवार्ता मितिः कार्यालयको वेभसाईट तथा फोन मार्फत जानकारी गरी निर्धारण गरिने छ ।

१३. अन्तरबार्ता स्थानः पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय, च्याङ्ग्रे, भोजपुर ।

१४. पाठ्यक्र मः लोक सेवा आयोगद्वारा निर्धारण गरे बमोजिम, तर विज्ञापन नं १०-०७७/०७८ को हकमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन), कार्यविधि, २०७६ बमोजिम गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा-५(५) बमोजिम हुनेछ ।

१५. थप जानकारीको लागिः कार्यालयको फोन नं. ९८५२०७५८०० मा सम्पर्क गरी बुझ्न सकिने छ ।

१६. आवेदन स्वीकृतः अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार पालिकामा निहीत रहने छ ।

नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो पछि कार्यलयको खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्ने छ, साथै विज्ञापन नं १०-०७७/०७८ को पाठ्यक्रम सम्बन्धी जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत